# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १० ] काठमाडौं, ज्येष्ठ ३१ गते २०१७ साल [ संख्या ६

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

माननीय संसदीय प्रवन्ध मन्त्री श्रीसूर्यनाथ दास यादव केही दिनकोलागि बाहिर जानु भएकोले वहांको अनुपस्थितिमा नेपाल अधिराज्यको संविधानको धारा १४ को उपधारा (३) ले दिएको अधिकार प्रयोग गरी माननीय प्रधान मन्त्रीले माननीय संसदीय प्रवन्ध मन्त्रीको कार्य भार संचालन गर्न मिति २०१७।२।२ देखि माननीय शिक्षा मन्त्री श्री परशुनारायण चौधरीलाई सुम्पनु भएको छ ।

आज्ञाले–
प्रेमनरसिंह प्रधान
श्री ५ को सरकारका सचिव
गृह मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

माननीय गृह तथा कानून मन्त्री श्रीसूर्यप्रसाद उपाध्यायको अनुपस्थितिमा नेपाल अधिराज्यको संविधानको धारा १४ को उपधारा (३) ले दिएको अधिकार प्रयोग गरी माननीय प्रधान मन्त्रीले कानून मन्त्रीको कार्य भार सन्चालन गर्न माननीय मन्त्री डा. श्री तुलसी गिरीलाई सुम्पनु भएको छ ।

आज्ञाले—
प्रेमनरसिह प्रधान,
श्रीं ५ को सरकारका सचिव,
गृह मन्त्रालय,

श्री ५ को सरकार

## गृहमन्त्रालयको सूचना

२०१६ साल चैत्र २८ गते अतिरिक्तांक २७ को नेपाल गजेट भाग ३ मा प्रकाशित सूचनामा उल्लिखित, न्याय प्रशासन ऐन, २०१६ अनुसार गठन भएका इलाका र जिल्ला अदालतको कार्य क्षेत्र, २०१७ साल ज्येष्ठ १ गतेदेखि लागू हुने गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

आज्ञाले—
प्रेमनरसिंह प्रधान
श्री ५ को सरकारका सचिव.
गृहमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

298

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।